# विनियोजन ऐन, २०७७

## मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### मुसिकोट, रुकुम (पश्चिम)
### कर्णाली प्रदेश, नेपाल

# विनियोजन विधेयक, २०७७

**प्रस्तावनाः** मुसिकोट नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न आवश्यक भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मुसिकोट नगर सभाको स्वकृतिको लागि यो ऐन बनाएइको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम "मुसिकोट नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ श्रावण १ गतेदेखि लागु हुनेछ ।

२.**आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७७।०७८ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ७१,७९,६८,२६०। (अक्षेरुपी एकहत्तर करोड उनासी लाख अठसट्ठी हजार दुई सय साठी रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त मुसिकोट नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य

चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर कार्यपालिकाबाट निर्णय गराई नगर सभाबाट अनुमोदन गर्नु पर्नेछ ।

# अनुसूची-१

## (दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरकार्यपालिका | ९३,३५०,००० | २,६००,००० | ( | ९५,९५०,००० |
| २ | | बिषयगत समितिहरु तर्फ | | | | ० |
| २.१ | | आर्थिक विकास समिति | ३६,३७३,०५० | १,८००,००० | ( | ३८,१७३,०५० |
| २.२ | | पूर्वाधार विकास समिति | ७००,००० | २६२,७६५,२१० | | २६३,४६५,२१० |
| २.३ | | सामाजिक विकास समिति | २६९,६१४,००० | १०,४०७,००० | | २८०,०२१,००० |
| २.४ | | वातावरण तथा विपद व्यवस्थापन समिति | ४,५००,००० | २५,५००,००० | | ३०,०००,००० |
| २.५ | | सार्बजनिक सेवा प्रबाह, सुशासन र क्षमता बिकास | १०,०५९,००० | ३००,००० | | १०,३५९,००० |
| ३ | | ऋणको सावा व्याज भुक्तानी | ( | ( | ( | ० |
| ४ | | लगानी (शेयर/ऋण) | ( | ( | ( | ० |
| जम्मा | | | ४१४,५९६,०५० | ३०३,३७२,२१० | | ७१७,९६८,२६० |

# अनुसूचि-१
## (दफा २ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | नगरकार्यपालिका | ९ करोड ३३ लाख ५० हजार | २६ लाख | ( | ९ करोड ५९ लाख ५० हजार |
| २ | | बिषयगत समितिहरु तर्फ | | | | ० |
| २.१ | | आर्थिक विकास समिति | ३ करोड ६३ लाख ७३ हजार ५० रुपैया | १८ लाख | ( | ३ करोड ८१ लाख ७३ हजार ५० रुपैया |
| २.२ | | पूर्वाधार विकास समिति | ७ लाख | २६ करोड २७ लाख ६५ हजार २ सय १० रुपैया | | २६ करोड ३४ लाख ६५ हजार २ सय १० रुपैया |
| २.३ | | सामाजिक विकास समिति | २६ करोड ९६ लाख १४ हजार | १ करोड ४ लाख ७ हजार | | २८ करोड २१ हजार |
| २.४ | | वातावरण तथा विपद व्यवस्थापन समिति | ४५ लाख | २ करोड ५५ लाख | | ३ करोड |
| २.५ | | सार्बजनिक सेवा प्रबाह, सुशासन र क्षमता बिकास | १ करोड ५९ हजार | ३ लाख | | १ करोड ३ लाख ५९ हजार |
| ३ | | ऋणको सावा व्याज भुक्तानी | ( | ( | ( | ० |
| ४ | | लगानी (शेयर/ऋण) | ( | ( | ( | ० |
| **जम्मा** | | | ४१ करोड ४५ लाख ९६ हजार ५० रुपैया | ३० करोड ३३ लाख ७२ हजार २ सय १० रुपैया | | ७१ करोड ७९ लाख ६८ हजार २ सय ६० रुपैया |